# मानवअधिकार तथा संविधानसभाको निर्वाचन

निर्वाचनका लागि डर र त्रासमुक्त वातावरण सिर्जना गरिएको कुरा सुनिश्चित गर्न मानवअधिकारको सम्मान अत्यावश्यक छ । अन्यथा, निर्वाचनको प्रक्रिया र परिणाम दुवैमाथि प्रश्न उठ्न सक्छ । निर्वाचन प्रक्रियाका क्रममा सर्वाधिक सान्दर्भिक मानवअधिकारहरूभित्र प्राथमिकरूपमा देहायका अधिकार पर्दछन् :

- ***सहभागिता**को अधिकार*
- ***भेदभावविरुद्ध**को अधिकार*
- ***मत तथा अभिव्यक्तिको स्वतन्त्रता**को र **सूचना**को **पहुँच**को अधिकार*
- ***शान्तिपूर्वक भेला हुन पाउने** तथा **संगठन खोल्ने स्वतन्त्रता**को अधिकार*
- ***आवतजावत गर्न पाउने स्वतन्त्रता**को अधिकार ।*

निर्वाचन प्रक्रियाका क्रममा बाँच्न पाउने, शारीरिक अखण्डता तथा स्वेच्छाचारीरूपमा थुनामा नपर्ने अधिकार एवं लैङ्गिक तथा बालअधिकार पनि सान्दर्भिक हुन्छन् । नेपालद्वारा अनुमोदन गरिएका यी अधिकारहरू नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धिमा संरक्षित गरिएका छन् ।

United Nations

United Nations Human Rights
OFFICE OF THE HIGH COMMISSIONER FOR HUMAN RIGHTS

# राज्यका जिम्मेवारी

राज्यसँग आफ्ना आम जनताको मानवअधिकारको प्रवर्द्धन तथा संरक्षण गर्ने दायित्व रहेको हुन्छ र माथि सूचीकृत अधिकारहरूमा निर्वाचनका क्रममा विशेष जोड दिइएको हुन्छ ।

आम जनताको सुरक्षा गर्न, कानुन तथा व्यवस्था कायम गर्न र मानिसहरूको लोकतान्त्रिक अधिकारको सम्मान गरिएको कुरा सुनिश्चित गर्न राज्यको सुरक्षाफौजले गर्ने कार्य शान्तिपूर्ण तथा स्वच्छ निर्वाचन सुनिश्चित गर्नमा अति महत्वपूर्ण हुनेछ । महिला तथा इतिहासदेखि नै सीमान्तकृत समुदायहरू - मधेशी, दलित, जनजाति/आदिवासी, यौन अल्पसङ्ख्यक, अपाङ्ग तथा भौगोलिकरूपमा बहिष्कृत क्षेत्रका - हिंसाको डर वा त्रासबिना उम्मेदवारका रूपमा समेत निर्वाचन प्रक्रियामा सहभागी बन्न पाऊन् भन्ने कुरा सुनिश्चित गर्ने जिम्मेवारी राज्यको हो । संविधानसभा यथाशक्य प्रतिनिधिमूलक हुनुपर्छ ।

निर्वाचन प्रक्रियामा आइपर्ने कुनै पनि समस्यालाई सम्बोधन गर्न, शान्तिपूर्णरूपबाट प्रदर्शन र राजनीतिक ऱ्यालीहरूको व्यवस्थापन गर्न तथा सहभागीहरूको अधिकारमा बाधा पुग्ने गरी कुनै पनि हस्तक्षेप हुन नदिन सुरक्षाफौज तथा प्रशासनद्वारा गरिने कार्यमाथि विशेष ध्यान दिइनैपर्छ ।



Photo : Robel Mockonen

# आम जनताका
# अधिकार तथा जिम्मेवारी

माथि सूचीकृत अधिकारहरूको उपभोग गर्न राजनीतिक पात्रहरू (उम्मेदवार, तिनका समर्थकहरू तथा राजनीतिक भूमिका खेल्ने अन्य) लगायतका **सबै व्यक्तिहरू** स्वतन्त्र हुनैपर्छ र तिनले अरूलाई यी अधिकारहरूको उपभोगमा अवरोध पुऱ्याउने गतिविधिबाट आफूलाई रोक्नैपर्छ ।



Photo : Sagar Shrestha

तिनले :

- राजनीतिक प्रतिस्पर्धी, मतदाता, तिनका परिवारजन तथा समुदायका अरू सदस्यहरूको अधिकारको सम्मान गर्नैपर्छ ।
- प्रेस स्वतन्त्रताको सम्मान गर्नैपर्छ ।
- निर्वाचन प्रक्रियामा हिंसा र त्रास अस्वीकार गर्नैपर्छ ।

आफ्ना पदाधिकारी, उम्मेदवार, सदस्य र समर्थकहरूले देहायका कुराहरू नगरून् भन्ने सुनिश्चित गर्ने **राजनीतिक नेताहरू**को विशेष जिम्मेवारी हुन्छ :

- कुनै पनि समयमा हिंसा वा त्रासको प्रयोग गर्ने
- राजनीतिक पात्रहरूको हाते पर्चा र सूचनापत्र वितरण तथा प्रदर्शन गर्न नदिने
- कुनै पनि राजनीतिक पात्रलाई शान्तिपूर्ण ऱ्याली, बैठक, पदयात्रा वा प्रदर्शन गर्न नदिने
- कुनै पनि व्यक्तिलाई राजनीतिक पात्रहरूका कार्यक्रममा उपस्थित हुन नदिन खोज्ने
- अन्य कुनै पनि व्यक्तिविरुद्ध उत्तेजक वा अनादरसूचक वा कुनै पनि प्रकारको हिंसाको धम्की दिने वा भड्काउने भाषाको प्रयोग गर्ने
- इनाम दिएर, सजायको धम्की दिएर वा अन्य कुनै पनि उपायद्वारा पदाधिकार, विशेषाधिकार वा प्रभावको दुरुपयोग गर्ने ।

परिणामलाई मान्य घोषित गरिए पनि **राजनीतिक पात्रहरू**सँग निर्वाचनको परिणाममाथि **शान्तिपूर्ण** विरोध प्रदर्शन गर्न पाउने अधिकार रहेको हुन्छ ।

अठार वर्षमुनिका **युवायुवतीहरू**सँग शान्तिपूर्ण राजनीतिक प्रक्रियाहरूमा सहभागी बन्ने तथा आफ्ना मत व्यक्त गर्न पाउने अधिकार रहेको हुन्छ । तर, राजनीतिक दल र सुरक्षाफौजले राजनीतिक गतिविधिहरूमा स्वेच्छाले सहभागी बन्न चाहने कुनै पनि युवायुवतीहरू हिंसा वा त्रासको कुनै पनि सम्भावित खतराबाट संरक्षित होऊन् भन्ने कुरा सुनिश्चित गर्नैपर्छ ।

## उच्चायुक्तको कार्यालय-नेपालको भूमिका

नेपाल सरकारसँगको आफ्नो सम्झौतामा संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय, नेपालसँग अनुगमन, प्रतिवेदन तथा वकालत गर्ने बृहत् कार्यादेश रहेको छ । विस्तृत शान्ति सम्झौता (सम्झौता)ले पनि उच्चायुक्तको कार्यालय-नेपाललाई निर्वाचन प्रक्रियासँग सम्बन्धित धेरैवटा अधिकारहरूलगायत सम्झौताका मानवअधिकारसम्बन्धी प्रावधानहरूको अनुगमन गर्ने कार्यादेश दिएको छ । निर्वाचनपूर्वको चरणमा उच्चायुक्तको कार्यालयको प्रजातान्त्रिक अधिकारहरूको अनुगमन कार्य सुरु भएको छ र अनुगमन कार्य निर्वाचन अभियानमा, निर्वाचनका दिनमा तथा त्यसको लगत्तैपछिको अवधिमा पनि जारी रहनेछ ।

**उच्चायुक्तको कार्यालय-नेपालको अनुगमन कार्य देहायका कुरामा संकेन्द्रित हुनेछ :**

- राज्यद्वारा कानुन तथा व्यवस्था कायम गर्ने लगायतका कार्यबाट आम जनताको अधिकारको संरक्षण तथा सम्मान;
- राजनीतिक पात्रलगायत आम जनताबाट अरूको अधिकारको सम्मान ।

**उच्चायुक्तको कार्यालय-नेपालले आफ्नै अग्रसरतामा तथा कुनै मुद्दा वा घटनाको प्रतिक्रिया दिनुपर्ने दुवै अवस्थामा कार्य गर्नेछ । यस कार्यालयले देहायका कार्य गर्नेछ :**

- अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्डप्रतिको पालनालाई प्रवर्द्धन गर्न कानुन तथा नियमावलीहरूको विश्लेषण गर्ने
- राजनीतिक तथा निर्वाचनका सन्दर्भमा नयाँ चिन्ता तथा घटनाक्रमहरूको प्रवृत्तिको पहिचान गर्ने उद्देश्यले विभिन्न जिल्लामा जानकारी सङ्कलन गर्ने तथा राजनीतिक र्‍याली तथा प्रदर्शनअघि सहित उल्लङ्घन तथा दुर्व्यवहार हुन नदिन उपयुक्त कारबाही गर्ने
- हिंसा वा दुर्व्यवहारका गम्भीर घटनाहरूको अनुसन्धान गर्ने तथा जिम्मेवारहरूविरुद्ध कारबाही गर्न वकालत गर्ने
- निर्वाचनसँग सम्बन्धित मानवअधिकारका मुद्दाहरूबारे जागरण ल्याउन सूचना प्रचारप्रसार गर्ने, सङ्क्षिप्त जानकारी उपलब्ध गराउने, तथा अन्य गतिविधि सञ्चालन गर्ने ।

## उजुरी दिनुपरेमा

***माथि उल्लेख गरिएकामध्ये कुनै पनि अधिकार उल्लङ्घन भएको छ भन्ने तपाईँलाई लाग्छ वा तपाईँसँग रिपोर्ट गर्नुपर्ने अन्य कुनै जानकारी छ भने तपाईँले आफ्नो निर्वाचन क्षेत्रको निर्वाचन अधिकृतलाई सम्पर्क गर्नुपर्छ ।***

तपाईंले देहायका ठेगाना तथा फोन नम्बरमा उच्चायुक्तको कार्यालयलाई पनि सम्पर्क गर्न सक्नुहुन्छ:

**प्रधान कार्यालय / मध्यमाञ्चल क्षेत्र**
सिलु बिल्डिङ, छाउनी, म्युजियम रोड
पोष्ट बक्स: २४५५५, काठमाडौं
फोन: ०१-४२८०१६४, फ्याक्स: ०१ -४६७०७१२

**उप-शाखा कार्यालय, मध्यमाञ्चल क्षेत्र**
शिवचौक, जनकपुर-२, धनुषा
फोन: ०४१ -५२७५५०, फ्याक्स: ०४१-५२७५५१

**पूर्वाञ्चल क्षेत्र**
विनायक रोड, तीनटोलिया-१४, ब्लक नं. १८, विराटनगर
फोन: ०२१ -५३४१२४, फ्याक्स: ०२१-५३४१२६

**पश्चिमाञ्चल क्षेत्र**
खहरिपथ, लेकसाइड,
पोष्ट बक्स: १६०, पोखरा
फोन: ०६१ -५५११५५, फ्याक्स:०६१-५५११५४

**मध्यपश्चिमाञ्चल क्षेत्र**
कौशल्या मार्ग-१६, नेपालगन्ज
फोन: ०८१-५२१९८९, फ्याक्स: ८१-५२४३३७

**सुदूरपश्चिमाञ्चल क्षेत्र**
हसनपुर-५, धनगढी, कैलाली
फोन: ०९१-५२३५०३, फ्याक्स: ०९१-५२६५०४